# चिठ्ठा नियमावली, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२७।१०।५

**संशोधन**

चिठ्ठा (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

चिठ्ठा ऐन, २०२५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "चिठ्ठा नियमावली, २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले चिठ्ठा ऐन २०२५ सम्झनु पर्छ ।

३. **चिठ्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिनेः** (१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम चिठ्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको स्वीकृतिको निमित्त निवेदन दिंदा चिठ्ठाको २ प्रति नमूना सामेल गरी स्थानीय प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालयमा अनुसूचीमा तोकिएको ढाँचाको निवेदन दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी आफ्नो मन्तव्य सहित उक्त निवेदन गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमुख जिल्ला अधिकारको मन्तव्य सहितको निवेदन प्राप्त भएपछि गृह मन्त्रालयले निवेदकलाई चिठ्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक प्रदर्शनीस्थल, क्लव वा सोसाइटी जस्तो ठाउँमा मात्र खोलिने चिठ्ठाको हकमा प्रमुख जिल्ला अधिकारीले निवेदकलाई चिठ्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

नेपाल कानून आयोग

---

दृष्टव्यः— १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः—

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. पहिलो संशोधनबाट रुपान्तर भएका शब्दहरुः

"अञ्चलाधीश", "गृह पञ्चायत मन्त्रालय" र "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा क्रमशः "प्रमुख जिल्ला अधिकारी", "गृह मन्त्रालय" र "जिल्ला प्रशासन कार्यालय"।

## अनुसूची

### (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

मार्फत ......................... प्रमुख जिल्ला अधिकारी कार्यालय ।

महोदय,

म । हामी ........... ले देहाय बमोजिमको चिठ्ठा खोल्न चाहेकोले स्वीकृतिको निमित्त निवेदन गरेको छु । छौंः—

१. चिठ्ठा खोल्ने उद्देश्य .............

२. चिठ्ठाको पूंजी ..................

३. चिठ्ठा बिक्रीबाट प्राप्त हुने कूल रकम ....... मध्ये ....... प्रतिशतले बाँडिने पुरस्कारको विवरण ............

४. पुरस्कार बाँडी बाँकी रहने रकम मध्ये

(क) चिठ्ठा सम्बन्धी खर्च ..................

(ख) सहायता वा मुनाफा .................

निवेदको नाम, थर............

ठेगाना ........................

मिति ..... ...... ............

नेपाल कानून आयोग